# नीति तथा कार्यक्रम

# आर्थिक वर्ष २०८०/०८१

## फुङलिङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, ताप्लेजुङ

## कोशी प्रदेश, नेपाल

**फुङलिङ नगरपालिकाको चौधौं नगरसभामा नगर सभाध्यक्ष एवं नगर प्रमुख श्री अमिर मादेन ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम।**

फुङलिङ नगरपालिकाका उप-प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर सभाका सदस्य ज्यूहरु, पत्रकार, नगर सेवक कर्मचारीहरु एवं सम्पूर्ण नगरवासी महानुभावहरुमा चौधौं नगरसभाको नीति तथा कार्यक्रम प्रस्तुतीको सन्दर्भमा व्यक्तिगत एवं नगरपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु।

१. सर्वप्रथम चौधौं नगरसभाको यस महत्वपूर्ण घडीमा देशका विभिन्न लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु, ताप्लेजुङ पाँचथर संखुवासभा लगायत देशका विभिन्न ठाउँहरुमा गएको वाढी पहिरोमा परी ज्यान गुमाउनु हुने मृतकहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। बाढी पहिरोमा परी घाइते हुनुभएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना सहित वेपत्ताहरु यथासिघ्र खोजतलासको लागि सम्बन्धित निकायहरुको ध्यानाकर्षण गर्न चाहन्छु। नेपालको राष्ट्रियता, अखण्डता, स्वाधिनता र लोकतन्त्र प्राप्तिको अभियानमा सवल नेतृत्व गर्नुहुने अग्रज राजनीतिक व्यक्तित्वहरु प्रति उच्च सम्मान प्रकट गर्दै वहाँहरुले पुर्‍याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पश्चात प्रजातान्त्रिक अभ्यास गर्ने क्रममा हामी २०७९ साल वैशाख ३० गते भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट जनादेश पाई नयाँ प्रतिनिधि बनेर आएको १ वर्ष पुरा भएको छ। यस क्रममा हामीलाई जनप्रतिनिधिको रुपमा निर्वाचित गरी जनताको सेवा गर्न दिने सुनौलो अवसर दिनुहुने सम्पूर्ण नगरवासी वुवा आमा दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस परिस्थितिमा हामी सामु स्थानीय तहमा प्रथम पटक निर्वाचित जनप्रतिनिधिहरुले थालनी गरेका नगर विकास सम्बन्धी दिगो र जनमुखी विकास निर्माणका कार्यक्रमहरुलाई निरन्तरता दिदै अझ नयाँ सोच, शैली र सिराबाट उठेर विकास निर्माणका कामको संगठन तथा व्यवस्थापन गर्ने चुनौति र जिम्मेवारी थपिएको छ।

३. **विकासको दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यहरुः** फुङलिङ नगरपालिकाको प्रथम नगर विकास योजना तर्जुमा भई चालु आ.ब.२०७८/०७९ देखि लागू भएकोछ। उक्त योजनामा हामीले हाम्रो विकासको दीर्घकालीन सोच ***"यातायात सञ्जाल, व्यवसायीक कृषि, पर्यटन र पूर्वाधार, शिक्षा, स्वास्थ्य र औद्योगिक विकास फुङलिङ समृद्धिको आधार"*** भन्ने नारा अघि सारेका छौं। यस दीर्घकालीन सोचलाई मूर्त रुप दिन **"वि.सं.२०८३ साल आषाढ मसान्त भित्र यातायात, आर्थिक, सामाजिक, सांस्कृतिक तथा प्रशासनिक लगायतका पूर्वाधारहरुको आधारभूत स्तर निर्माण गरी फुङलिङ नगरपालिकाको दिगो विकास र समृद्धि निर्माणको आवश्यक जग स्थापित गर्ने र आगामी २० वर्ष भित्र ताप्लेजुङ जिल्लाको सामाजिक सुरक्षा सहितको सुविधा सम्पन्न तथा सीपयुक्त मानवीय स्रोत र साधनको विकासका साथमा वर्तमान मानव विकास सूचाङ्कको अवस्थामा शत प्रतिशतले वृद्धी भई समृद्ध नगरपालिकाको रुपमा विकसित गर्ने"** लक्ष्य लिइएको छ। उपरोक्त दीर्घकालीन सोच र लक्ष्यलाई प्राप्त गर्न प्रथम आवधिक नगर विकास योजनाले स्थापित गरेका विकासका लक्ष्यहरु प्राप्त गर्न सबै विषयगत क्षेत्रहरुका विकास गुरुयोजनाहरु तयार गर्ने र सोही अनुरुप बजेट तथा कार्यक्रम तर्जुमा गरी संघीय सरकार, प्रदेश सरकार, नगरपालिका, अन्य सरोकारवाला निकाय तथा नगरवासीहरुको साझेदारी तथा सहयोगमा उक्त विषयगत योजनाहरुको सबल र सफल कार्यान्वयन गर्दै फुङलिङ नगरलाई सक्षम, सम्पन्न र समृद्ध नगर निर्माण गर्ने उद्देश्य लिइएको छ।

४. हामीले आगामी आ.ब.२०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा दिगो विकासका लक्ष्यहरु हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता, नेपाल राष्ट्रको १५ औं पञ्च वर्षीय योजनाको लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम, कोशी प्रदेशको प्रथम आवधिक योजना (आ.ब.२०७६/०७७-२०८०/०८१) ले लिएका लक्ष्य, उद्देश्य तथा नीति र फुङलिङ नगरपालिकाको प्रथम आवधिक नगरविकास योजना (आ.ब.२०७८/०७९-२०८२/०८३) ले अख्तियार गरेको लक्ष्य, उद्देश्य र नीति तथा कार्यक्रमहरु समेतलाई दृष्टिगत गरी देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरी लागू गर्ने सोच राखिएको छ।

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरुः**

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

- दिगो विकासको लक्ष्य २०१६-२०३०,
- संघीय र कोशी प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड,
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस,
- राजस्व परामर्श समितिको सिफारिस,
- संघीय तथा कोशी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम,
- संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु,
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सृजित दायित्वहरु,
- फुङलिङ नगरपालिकाको आवधिक योजना,
- निर्वाचनका वेला नगरवासी सामु गरेका प्रतिवद्धता एवं घोषणाहरु र
- वडाहरुको जनसंख्या, भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारहरु।

**(क) पूर्वाधार विकासका नीतिहरुः**

**१. सडक तथा पूलः**

(क) नगरपालिकाको क्षेत्र भित्र निर्माण हुने सडक सम्बन्धी नीति तथा मापदण्ड तयार गरी लागू गरिनेछ।

(ख) हालसम्म निर्माण गरिएका सडकहरुलाई बाह्रै महिना संचालन हुनेगरी स्तरोन्नतीका कार्यक्रमहरु संचालन गरिनेछ।

(ग) नगर क्षेत्रभित्रका खोला तथा खोल्सीहरुमा कल्वर्ड, कज्वे, नाली, ढल निर्माणमा जोड दिइनेछ।

(घ) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा नगरभित्रका महत्वपूर्ण सडकहरुलाई क्रमशः स्तरोन्नती तथा कालोपत्रे गरिनेछ।

(ङ) नगरपालिका भित्रका सडकहरुको मर्मत संभारलाई जोड दिइनेछ।

(च) नगरपालिका भित्रका सडकहरुको क्रमश लगत कट्टा गरिदै लगिनेछ।

**२. भवन तथा शहरी विकासः**

(क) फुङलिङ नगरपालिकाले भवन निर्माण सम्बन्धी नीति, मापदण्ड तयार गरी लागू गरिनेछ।

(ख) नगरपालिका भित्रका वडा कार्यालय र सामुदायिक विद्यालयका भवनहरु क्रमश निर्माण गर्दै लगिनेछ।

(ग) नगरपालिका भित्रका वडा नं. २,६,७ र ११ का वडा कार्यालय भवनहरुको निर्माण कार्य सम्पन्न गरी आगामी आ.ब. देखि सेवा प्रवाह शुरु गरिने छ।

(ङ) नगरपालिका भित्र विद्यमान रहेका गुम्बा, मठ मन्दीर, चर्च, माङ्हिम, मलामी पाटी, विश्रमालय, समाधीस्थल जस्ता धार्मीक तथा सांस्कृतिक स्थलहरुको भवन तथा अन्य संरचना निर्माणमा जोड दिईनेछ।

**३. पदमार्ग निर्माणः**

(क) नगरपालिका भित्र आन्तरिक पर्यटन प्रवर्द्धन तथा आवत जावतमा सहजताका लागि विभिन्न स्थानहरुमा पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

**४. खेलमैदान निर्माणः**

(क) निर्माणाधीन अवस्थामा रहेका खेलमैदानहरुको स्तरोन्नती गरी थप खेलमैदानहरु निर्माण गरिनेछ।

**६. ऊर्जाः**

(क) नगरपालिकाले उज्यालो नगर वनाउने कार्यक्रम अन्तर्गत उर्जा नीति ल्याई कार्यान्वयनमा ल्याइनेछ।

(ख) उज्यालो नगर कार्यक्रम अन्तर्गत सडक बत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ।

**(ख) सामाजिक बिकासका नीतिहरुः**

**१. शिक्षाः**

(क) स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ।

(ख) नगरपालिकाको शिक्षासंग सम्बन्धित ऐन, नियम, कार्यविधि तथा मापदण्डहरु समय अनुकूल संशोधन तथा परिमार्जन गरिनेछ।

(ग) प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(घ) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा ई-हाजिरिको व्यवस्था गर्दै लगिनेछ।

(ङ) जेहेन्दार दलित विद्यार्थीलाई सूचना प्रविधि अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

(च) भेटेरिनरी डाक्टर अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

(छ) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको एस.ई.ई को परीक्षामा सर्वोत्कृष्ट १ जना छात्र र १ जना छात्रा गरी २ जना विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(ज) विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, मर्मत तथा शैक्षिक गुणस्तरमा जोड दिईनेछ।

(झ) शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि तालिम कार्यक्रम संचालन गरिने छ र अभिभावक तथा विद्यालय व्यवस्थापन समितिहरुलाई सचेतना कार्यक्रमहरु संचालन गरिनेछ। साथै प्रधानाध्यापकहरुको नियमित बैठकलाई निरन्तरता दिई शिक्षाको गुणस्तर सुधारका लागि खेलकुद तथा अतिरिक्त कृयाकलापहरु समेत संचालन गरिनेछ।

(ञ) सामुदायिक विद्यालयका आधारभूत तहका विद्यार्थीहरुको लागि ट्र्याक सुट, झोला लगायतका शैक्षिक सामाग्रिहरु वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

(ट) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा बाल बचत कार्यक्रमको सुरुवात गरिनेछ।

(ठ) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई ICT सम्बन्धीका सामाग्रिहरु वितरण गरिनेछ।

(ड) स्थानीय भाषा पठन पाठन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(ढ) सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(ण) "नगरको इच्छा वुहारीलाई शिक्षा" कार्यक्रमको सुरुवात गरिनेछ।

(त) नगरपालिका भित्रका सामुदायिक विद्यायहरुमा वडास्तरीय शिक्षा समिति गठन गरिनेछ।

(थ) अभिभावकसंग विद्यालयको सम्बन्ध विस्तार गर्नका लागि विद्यालयमा मासिक रुपमा अभिभावक भेला तथा अन्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

(द) स्थानीय तहले मासिक रुपमा विद्यालयको अनुगमन तथा सुपरीवेक्षणका कार्यक्रम सञ्चालन गर्नेछ।

(ध) संस्थागत विद्यालयको पाठ्यपुस्तक, शुल्क लगायत विविध पक्षहरुमा अनुगमन तथा नियमन गरिनेछ।

**२. स्वास्थ्यः**

(क) विभिन्न संघ संस्थाहरुको साझेदारीमा नगरपालिकाले स्वास्थ्यसंग सम्बन्धित शिविरहरु संचालन गरिनेछ।

(ख) Zero Home Delivery कार्यक्रम फावाखोला र फुरुम्बुलाई निरन्तरता दिइनेछ।

(घ) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा प्रयोग हुने अति आवश्यक औषधी खरिदको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

(च) सुनौलो हजार दिने आमाहरुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

(छ) नगरपालिका भित्रका महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमतामा अभिवृद्धि गरी सेवालाई प्रोत्साहन गरिनेछ।

(ज) स्वास्थ्य कर्मीहरुको थप क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ।

(ञ) पूर्ण खोप सुनिश्चितताको दिगोपना कायम गर्दै लगिनेछ।

(ट) नगरपालिका भित्रका विरामीहरुलाई आवश्यक रगत निःशुल्क उपलब्ध गराईने व्यवस्था मिलाइनेछ।

(ठ) नगरपालिका भित्रका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संचार तथा यातायात खर्च उपलब्ध गराईनेछ ।

(ड) नगरपालिका भित्रका क्यान्सर रोगीहरुलाई आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ ।

(ढ) स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।

## ३. खेलकुदः

(क) मेयरकप भलिबल, व्याडमिन्टन, उपमेयर कप फुटवल, राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगता संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

(ख) नगरपालिका भित्रका वडा स्तरीय खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

(ग) नगरपालिका भित्र संचालन हुने सम्पूर्ण खेलकुद कार्यक्रमहरुको प्रवर्द्धन र विकासको लागि जोड दिईनेछ ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

(क) लैङ्गिक हिंसा निवारण कोषमा थप रकमको व्यवस्था गरिनेछ ।

(ख) महिलाहरुको क्षमता तथा सीप बिकास गरी आय आर्जनको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

(ग) एकल महिला लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

(घ) महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नगारिक दिवश मनाउने कार्यक्रमलाई निरन्तरता दिनइनेछ ।

(ङ) लैङ्गिक हिंसा निवारणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

(च) आदिवासी जनजातिहरुको भाषा, लिपि, साहित्य र संस्कृतिको संवर्द्धन तथा प्रवर्द्धनको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

(छ) १ सय वर्ष माथिका जेष्ठ नागरिकहरुको भलाईको लागि एक अक्षयकोष स्थापना गरिनेछ ।

(ज) जेष्ठ नागरिकहरुको सम्मान तथा स्वास्थ्य कार्यक्रमहरु संचालन गरिनेछ ।

(झ) बालबालिकाहरुका लागि लागू औषध तथा मादक पदार्थ दुर्व्यसनी विरुद्धको सचेतना कार्यक्रम संचालन गरिनेछ ।

(ञ) बालबालिकाहरुको संरक्षण, संवर्द्धन र सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

(ट) विद्यालयका सबै उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय शिक्षाको सुनिश्चितता गर्न झोला तथा पोशाकको व्यवस्था गरिनेछ । साथै विद्यालयहरुले अनिवार्य रुपमा विद्यालयमै चमेना गृह स्थापना गरी खाजा खुवाउने व्यवस्था मिलाइनेछ ।

(ठ) अपाङ्गता भएका व्यक्तिहरुको सीप तथा क्षमता विकास गरी उनीहरुको जीवन सहजताको लागि आवश्यक वस्तुगत सहायता प्रदान गरिनेछ ।

(ड) अपाङ्ग सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

(ढ) विपन्न दलित आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

(ण) दलितहरुको सीप विकास सचेतना कार्यक्रम तथा आय आर्जन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

(त) छुवाछुत मुक्त नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

(थ) नगरलाई बालश्र मुक्त साथै बालमैत्री वडाहरु स्थापना गर्दै लगिनेछ ।

## ५. खानेपानीः

(क) नगरपालिका भित्रका पानीका मुहान संरक्षण कार्यलाई प्राथमिकता दिईनेछ ।

(ख) वालमैत्री एक घर एक धारा निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

(ग) खानेपानीको पहुँच नपुगेका घर परिवारहरुलाई खानेपानीमा पहुँच अभिवृद्धिका लागि खानेपानी पाईप वितरण कार्यक्रम संचालन गरिनेछ ।

६. **संस्कृति प्रवर्द्धनः**

(क) नगरपालिकामा बसोबास गर्ने विभिन्न जात जातिहरुको भाषा, संस्कृति, कला र ईतिहासको संरक्षण गर्न बहुसाँस्कृतिक संग्रहालय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

(ख) नगरपालिका भित्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पुरातात्विक स्थलहरुको पहिचान गरी तिनीहरुको विकास र प्रचार प्रसार र संरक्षणमा जोड दिइनेछ।

**(ग) आर्थिक विकासका नीतिहरुः**

१. **कृषिः**

(क) नगरपालिकाले फलफूलका विरुवाहरु उत्पादनको लागि एक नर्सरीको स्थापना गर्नेछ।

(ख) व्यवसायिक कृषिमा जोड दिइ कृषि पकेट कार्यक्रमहरु संचालन गरिनेछ।

(ग) कृषिमा आधुनिककरण गर्न यान्त्रिक उपकरणहरु खरिदको लागि आवश्यक वजेट विनियोजन गरिनेछ।

(घ) नगरपालिका भित्र उत्पादित कृषिजन्य उन्नत विऊ विजन तथा फलफूलहरुको लागि चिस्यान केन्द्र स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहहरुको साझेदारी जुटाई निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

(ङ) बागबानी बिकास कार्यक्रम अन्तर्गत विभिन्न फलफूलका विऊ विजन, बोट विरुवा तथा टनेल खरिद वितरण कार्यमा जोड दिइनेछ।

(च) कृषि उपज बाली तथा फलफूलको रोग नियन्त्रणमा जोड दिईनेछ।

(छ) नगरपालिकाले जग्गा लिजमा लिई खेति प्रवर्द्धनमा जोड दिइनेछ।

(ज) मौरी पालन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।

(झ) उत्पादनको आधारमा खाद्य वालि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रमको सुरुवात गरिनेछ।

(ञ) नगरपालिका भित्रका उत्कृष्ट कृषक तथा व्यवसायीलाई सम्मान कार्यक्रम गरिनेछ।

२. **पशु सेवाः**

(क) पशुजन्य महामारी रोग नियन्त्रणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

(ख) पशु उपचार शिविर संचालनका लागि आवस्यक बजेटको व्यवस्था गरिनेछ।

(ग) गोठ, खोर तथा भकारो सुधार कार्यक्रमहरु संचालन गरिनेछ।

(घ) पशु नश्ल सुधारका लागि उन्नत जातका पशु पंक्षिहरुको बिऊ खरिद तथा वितरण कार्यमा जोड दिईनेछ।

(ङ) हिउँदे तथा बर्षे घाँसका विरुवाहरु वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३. **उद्यम विकासः**

(क) साना उद्यमीहरुको लागि उद्यम विकास गर्न आवश्यक औजार उपकरणहरु साझेदारीमा खरिद गरी वितरण गरिनेछ।

(ख) साना तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रमका लागि ढाका कपडा बुनाई, राडि पाखि बुनाई, गलैचा, जुत्ता चप्पल बुनाई, मुडा बुनाई आदि जस्ता कार्यक्रमहरु संचालन गरी नयाँ उद्यमीहरुको सृजना गरिनेछ।

४. **पर्यटन विकासः**

(क) पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जोड दिइनेछ।

(ख) पयर्टन विकासका लागि पर्यटन नीति तथा पर्यटन कार्यविधि ल्याइनेछ।

५. **सहकारीः**

(क) सहकारी संस्थाको नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

(ख) सहकारी संस्थाको क्षमता विकासमा जोड दिइनेछ।

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन कार्यक्रमः**

१. फोहोरमैलालाई व्यवस्थित गर्न आवश्यक नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२. वातावरण संरक्षणको लागि नगरपालिका भित्रका फोहोरमैलाहरुलाई व्यवस्थित गर्न निर्माणाधीन डम्पिङ साइडको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

३. विपद् व्यवस्थापन कोषमा थप बजेटको व्यवस्थापन गरिनेछ।

४. नगरपालिका भित्र विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

५. विपद पूर्वतयारीका लागि आवश्यक सामाग्री खरिदको व्यवस्था मिलाईनेछ।

६. वातावरण संरक्षण र भू-क्षय नियन्त्रणका लागि पहिरो, खोल्सी तथा तटबन्धनमा भूक्षय नियन्त्रण गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

७. वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

८. विपद सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

९. वन संग सम्बन्धित ऐन नियमहरु बनाई कार्यान्वयन गर्दै लगिनेछ।

१०. वन तथा वन्य जन्तुहरुको संरक्षण गर्नका लागि विभिन्न संघ संस्थाहरुको समन्वय तथा साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।

११. लोपउन्मु वन्यजन्तुहरु रेडपाण्डा, डाँफे, कस्तुरी, काँडे भ्याकुरहरुको संरक्षणमा जोड दिइनेछ।

**(ङ) सार्वजनिक सेवा तथा क्षमता विकासः**

१. नगरपालिकाको बजार क्षेत्रमा १ खुला मञ्च निर्माणको लागि जग्गा खरिद गर्न आवश्यक बजेट छुट्याइनेछ।

२. नगर प्रहरीको व्यवस्थानको लागि आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याइनेछ।

३. कार्यालयको संगठन तथा व्यवस्थापनको अध्ययन गरी स्थायी संगठन संरचना तयार पारी कार्यान्वयनमा ल्याइनेछ।

४. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु तर्जुमा गरिनेछ।

५. नगरपालिकाको गतिविधिहरुलाई पारदर्शी तथा जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधि संचार कार्यक्रम तथा विभिन्न संचार माध्यमहरुबाट सूचना प्रकाशन तथा प्रशारण कार्यलाई जोड दिइनेछ।

६. कर तथा गैह्र करका राजश्वका दरहरुमा समसामयिक परिवर्तन तथा सुधार गरी करको दायरामा सबै करदातालाई ल्याई नगरको आन्तरिक राजश्वमा अभिवृद्धि गरिनेछ।

७. नगरपालिकाका प्रत्येक वडामा इन्टरनेट व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

८. सार्वजनिक लेखा समितिको कामको प्रभावकारीताको लागि क्षमता अभिवृद्धिका कामहरु संचालन गरिनेछ।

९. नगरपालिकाले हालसम्म प्रकाशन गरेका ऐन, कानूनहरुको संग्रह प्रकाशन गरिनेछ।

१०. मानव अधिकार प्रवर्द्धनमा जोड दिइनेछ।

११. रु.२० लाख भन्दामाथि लागत अनुमान भएका योजनाहरुलाई गुणस्तरीय र दिगो बनाउन अनिवार्य प्रयोगशाला परीक्षण गरी भुक्तानी दिने नीति लिइनेछ।

१२. गुणस्तरीय प्रभावकारी र द्रुत गतिमा निर्माण कार्य सम्पन्न गर्ने उपभोक्ता समिति, टोलविकास संस्था वा निर्माण व्यवसायिहरुलाई प्रोत्साहन कार्यक्रम गरिनेछ।

१३. नगरपालिकामा सम्झौता गरी मनासिव माफिकको कारण विना १ महिनासम्मा पनि काम सुरु नगर्ने उपभोक्ता समितिलाई खारेज गरी नियमानुसार अन्य प्रकृयाबाट निर्माण कार्य संचालन गरिनेछ।

**(च) विधायन समितिः**

१. विधायन समितिका पदाधिकारीहरुको क्षमता विकासमा जोड दिइनेछ।

२. नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेको विषयमा बनाउनु पर्ने ऐन कानूनको निर्माणलाई जोड दिइनेछ।

**(छ) न्यायीक समितिः**

१. न्यायीक सम्पादनलाई प्रभावकारी वनाउन पालिका स्तरीय मेलमिलाप केन्द्र स्थापन गरिनेछ।

२. न्यायीक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरि प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति लिइनेछ।

३. समितिका पदाधिकारी तथा कर्मचारीहरुको बिषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। साथै वडा वडामा न्याय सम्पादन र कानूनी प्रक्रियाका वारेमा जानकारी गराइनेछ।

२. न्यायीक सम्पादनलाई प्रभावकारी वनाउन आवश्यक परामर्श सेवाको व्यवस्थापन गरिनेछ।

२. न्यायीक समितिका पदाधिकारी र कर्मचारीहरुको क्षमता विकासको लागि अन्तर जिल्ला स्तरीय अनुगमन भ्रमण कार्यक्रम संचालन गरिनेछ।


३. मेलमिलाप केन्द्रलाई थप प्रभावकारी बनाईनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

उपरोक्त अनुसार मैले प्रस्तावित आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट ***"यातायात सञ्जाल, व्यवसायीक कृषि, पर्यटन र पूर्वाधार, शिक्षा, स्वास्थ्य र औद्योगिक विकास फुङलिङ समृद्धिको आधार"*** निर्माण भई नेपाल र नेपालीको सुख र समृद्धिको आकाङ्क्षा पूरा भई राष्ट्र विकासमा सकारात्मक योगदान पुग्ने छ भन्ने विश्वास लिएको छु । उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयनमा नगरपालिका भित्रका आम नागरिक, राजनीतिक दल, बुद्धिजिवी, पेशाकर्मी, समाजसेवी, सुरक्षा निकाय, संचारकर्मीहरुको रचनात्मक सहयोग र सुझाबको पूर्ण अपेक्षा गर्दछु । अन्तमा हामीले प्राप्त गरेको उपलब्धिहरुलाई संरक्षण तथा संस्थागत गर्दै नगरलाई विकास तथा समृद्धि तर्फ लैजाने हाम्रो लक्ष्य तथा उद्देश्यलाई सफल बनाउन सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संघ संस्थाहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुज्यूहरु, जनप्रतिनिधिज्यूहरु, निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्र, नागरिक समाज, आम संचार जगत तथा नगरका कर्मचारीहरु लगायत सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

**धन्यवाद !**

**आषाढ ०९, २०८०**



....................

(अमिर मादेन)

नगर प्रमुख